नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्सः ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला । )
बबरमहल
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः ०७७-०७८
पत्र संख्याः
च. नं.: १६६

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

मितिः २०७७।०५।२९

विषयः सूचना प्रकाशन गरिएको बारे ।

श्री डिभिजनल वन अधिकृत,
डिभिजन वन कार्यालय (८४) वटै ।

यस विभागको चालु आ.ब को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वनजन्य उद्यम प्रबर्द्धन तथा विकास अनुदान कार्यक्रमको सञ्चालनार्थ मिति २०७७।०५।२९ मा गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी प्रस्ताव आवह्वान गरिएको छ । सम्बन्धित जिल्ला स्थित इच्छुक नियमानुसार दर्ता भएका वन समूह तथा सहकारी संस्थाहरूलाई उक्त कार्यक्रमको बारे आवश्यक जानकारी गराई कार्यक्रममा समावेश गर्न सहजीकरण गर्नुहुन समेत अनुरोध छ । साथै यस कार्यक्रमको कार्यविधि, प्रकाशित सूचना, प्रस्तावनाको ढाँचा यसै साथ संलग्न राखिएको जानकारी गराइन्छ ।

०७७/५/२९

मनबहादुर खड्का
(महानिर्देशक)

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वन तथा भू-संरक्षण विभाग**
बबरमहल, काठमाडौं ।

महानिर्देशक

## वन जन्य उद्यम प्रबर्द्धन तथा विकास अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।०५।२९

यस विभागको आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वनजन्य उद्यम प्रबर्द्धन तथा विकास अनुदान कार्यक्रममा अनुदान सहयोगको लागि बजेटको व्यवस्था भएको हुँदा वन पैदावरमा आधारित उद्यम स्थापना र सञ्चालनको लागि इच्छुक नियमानुसार दर्ता भएका वन समूह तथा वनजन्य उद्यम सम्बन्धी उद्धेश्य भएको अन्य समूह तथा सहकारी संस्थाहरूले मिति २०७७।०६।२७ गते भित्र डिभिजन वन कार्यालय (८४) वा वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौंमा विभागद्वारा तोकिएको ढाँचामा अनुदानको लागि प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आबेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**द्रष्टब्यः**

१. अनुदान रकम कुनै एउटा समूह/संस्थालाई प्रस्ताव मूल्याङ्कनका आधारमा बढीमा २० लाखसम्म उपलब्ध हुनेछ ।
२. प्रस्तावित आयोजनाको ५० प्रतिशत अंश सम्बन्धित समूह संस्थाले अनिवार्य व्यहोर्नु पर्नेछ ।
३. अनुदान प्रस्ताव तोकिए बमोजिमको ढाँचामा हुनु पर्नेछ र प्रस्ताव साथमा दर्ता प्रमाणपत्र, नियमन गर्ने निकायको सिफारिस र विस्तृत लागत अनुमान अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।
४. यस भन्दा अगाडि एउटा प्रयोजनको उद्यममा अनुदान प्रप्त गरेका समूह/संस्थालाई सोहि प्रयोजनको लागि पुनः अनुदान उपलब्ध गराइने छैन ।
५. विस्तृत सूचना र प्रस्तावको ढाँचा विभागको वेवसाइट www.dofsc.gov.np मा हेर्न सकिनेछ र सोहि ढाँचामा तोकिएको मापदण्ड भित्र रही प्रस्ताव पेश गर्नुपर्नेछ । साथै इमेल मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा सम्बन्धित समूह/सहकारीले afo.social@dofsc.gov.np मा संलग्न गरी पठाउन सक्नुहुनेछ ।
६. थप जानकारीको लागि **वनजन्य उद्यम प्रबर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि- २०७५ (प्रथम संशोधन-२०७६)**, विभागको वेवसाईटमा अध्ययन गर्न सकिनेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

महानिर्देशक

**चालु आ.ब २०७७।७८ को वनजन्य उद्यम प्रबर्द्धन विकास अनुदान प्रप्तिका लागि मिति २०७७।०५।२९ मा वन तथा भू-संरक्षण विभागबाट गोरखापत्रमा प्रकाशित सूचना बमोजिम प्रस्ताव पेश गर्ने प्रस्तावदाताले प्रस्ताव पेश गर्दा ध्यान पुर्‍याउनु पर्ने कुराहरूः**

१. चालु आर्थिक वर्षको वनजन्य उद्यम प्रबर्द्धन विकास अनुदान कार्यक्रममा अनुदान प्रदान गरिने क्षेत्रहरू निम्न बमोजिम तोकिएकोले उक्त विषयसंग सम्बन्धित प्रस्तावहरू हुनुपर्नेछ ।

क) काठको सिजनिङ, ट्रिटमेण्ट प्लाण्ट जडान, काठ, दाउरा र भुसको गुणस्तर अभिबृद्धि गर्ने वनजन्य उद्यम सञ्चालन,
ख) पार्टिकल बोर्ड, फाइवर बोर्ड, चिप बोर्ड, प्लाईउड, भेनियर आदि जस्ता उद्योग स्थापना र सञ्चालन,
ग) फर्निचर र काष्ठ प्रबिधिका सुधारका कार्यक्रम सञ्चालन,
घ) ठूलो परिमाणमा (५ हेक्टर भन्दा बढी) बेत, बाँसको रोपण,
ङ) बाँस तथा बेतजन्य उद्यम,
च) काष्ठजन्य हस्तकला उद्यम,
छ) पल्प, पेपर तथा लोक्ता सम्बन्धी उद्यम,
ज) रेशम खेतिका लागि किम्बु लगायत आवश्यक प्रजातिका विरुवा रोपण सहित रेशम खेती उद्यम,
झ) लाहा खेती तथा उद्यम,
ञ) जडिवुटी तथा गैरकाष्ठ वन पैदावारको विकास, विस्तार र प्रशोधन, उद्योग/उद्यम
ट) जडिवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित प्राथमिक तथा द्धित्तिय चरणका प्रशोधन उद्योग स्थापना,
ठ) सिमसार क्षेत्र व्यवस्थापन तथा पर्यापर्यटन कार्यक्रम,
ड) जैविक उर्जा र उर्जा दक्षता सम्बन्धित कार्यक्रम,
ढ) पिलेट, बायोचार, व्रिकेट आदि उत्पादन,
ण) समुदायमा आधारित वन व्यवस्थापन अन्तरगत वनजन्य उद्यम स्थापनाका लागि सहकारी निर्माण, प्रकृयागत तयारी तथा उद्यम स्थापना समेत
त) प्रचलित वन तथा वन्यजन्तुसंग सम्बन्धित ऐन नियमको परिपालना हुने गरी वन्यजन्तुको पालन तथा प्रजनन ।
थ) वनजन्य कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि उपकरण खरिद ।

२. पेश भएका प्रस्तावहरू निम्न अनुसारका मूल्याङ्कन आधारहरूको आधारमा मूल्याङ्कन गरिनेछ ।

| आधारहरू | अङ्क |
|---|---|
| क) उद्यम स्थापनाबाट लाभान्वित हुने समूह तथा उपभोक्ता | १० |
| ख) मूल्य श्रृंखलामा निर्यातजन्य वा आयात प्रतिस्थापना गर्ने सम्भाव्यता | १० |
| ग) उद्यमका परिवेश अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्वको संभावना | १० |
| घ) उद्यमको आकार अनुसार रोजगारीको अवस्था | १० |
| ङ) प्रबिधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग | १० |
| च) स्थानीय श्रोत र सामाग्रीको प्रयोग | १० |
| छ) लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था | १० |
| ज) वातावरणीय दृष्टिकोणले अनुकूल | १० |
| झ) स्थानीय परिवेश अनुसार नवीनतम् कार्य | १० |
| ञ) स्थानीय हावापानी, माटो र अन्य आवश्यक दृष्टिकोणले सम्भाव्य | १० |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

महानिर्देशक

३. विभागबाट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा मिति २०७७।०५।२९ मा कम्तीमा ३० दिनको म्याद दिई सूचना प्रकाशित भएको छ । सामुदायिक/सहकारी संस्थाले विभागले तोकेको कार्यसूची बमोजिम प्रस्तावना दस्तावेज तयार गरी सोही दस्तावेजको आधारमा कार्यक्रममा सहभागी हुन पाउनेछन् ।

४. छनौट भएका प्रस्तावहरुको फिल्ड भेरिफिकेशनको आधारमा अनुदान कार्यक्रम निर्देशन समितिले बस्तुनिष्ठ आधारमा बास्तविक कूल लागतको अनुमान गरी बास्तविक लागतको ५० प्रतिशतमा नबढ्ने गरी अधिकतम रु. २०,००,००० (अक्षरेपी रु बीस लाख रुपैया) मध्ये जुन घटी हुन्छ सोही रकममात्र अनुदानको रुपमा उपलब्ध गराइनेछ ।

५. अनुदान रकम भुक्तानी विभाग र समूह/संस्थावीच सम्झौता भए पश्चात २ किस्तामा हुनेछ । पहिलो किस्ता र दोश्रो किस्ता माग गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू **वनजन्य उद्यम प्रबर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५ (प्रथम सशोधन २०७६)** मा प्रष्ट उल्लेख गरिएको छ ।

६. विभागबाट प्रदत्त अनुदान रकमको समूह/संस्थाले आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार दर्तावाल लेखापरीक्षबाट लेखापरीक्षण गराउनु पर्नेछ । आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र लेखापरीक्षण प्रतिवेदनको १ प्रति विभागमा पेश गर्नुपर्नेछ ।

७. प्रस्ताव पेश गर्दा निम्नानुसारको विवरणहरू तोकिएको ढाँचामा भरी पेश गर्नुपर्ने छ ।

## अनुदानको लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

**१) प्रस्तावक तथा उद्यमको नाम**

क) अनुदान पेश गर्ने सामुदायिक/सहकारी संस्थाको नाम र ठेगानाः

ख) वन सम्बन्धी उद्यमको नामः

ग) प्रस्ताव पेश गर्ने संस्थाको नामः

ग) प्रस्ताव पेश गर्ने सस्थाको पदाधिकारीः

नामः ठेगानाः फोन नः

**२. संस्था बारे संक्षिप्त जानकारी**

क. संस्थाको उद्धेश्यहरुः

ख. जनशक्तिको अवस्थाः

ग. अनुभव तथा उपलब्धिहरुः

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

महानिर्देशक

३. उद्यम विकास तथा प्रबर्द्धनका उद्धेश्यहरुः

४. प्रस्तावित योजनाको विस्तृत विवरण (Business Plan सहित)-

५. प्रस्तावित योजनाको कार्यान्वयनको तरिका/पद्धतिः

६. कार्यक्रम सञ्चालनको समय तालिकाः

७. लाभ लागत सम्बन्धी विवरणः

क) अनुमानित कूल लागत (जग्गा बाहेक):

ख) लगानीका स्रोतः

ग) बजेट अनुमानः

ग) लाभ र लागतको विश्लेषणः

घ) सम्पन्न हुने समयः

८. उपकरण खरीदको लागि भए सो को हालको बजार मूल्य, निर्माता कम्पनीको नाम, र अन्य आवश्यक जानकारीहरूः

९. भर्नुपर्ने विवरणहरूः

| आधारहरु | विद्यमान अवस्था | अङ्क (विभागले भर्ने) |
|---|---|---|
| क) उद्यम स्थापनाबाट लाभान्वित हुने समूह/उपभोक्ता | | |
| ख) मूल्य श्रृंखलामा निर्यातजन्य वा आयात प्रतिस्थापन गर्ने सम्भाव्यता | | |
| ग) उद्यमको परिवेश अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्वको सम्भावना | | |
| घ) उद्यमको आकार अनुसार रोजगारीको अवस्था | | |
| ङ) प्रविधिमा सुधार र आधुनिक प्रविधिको प्रयोग | | |
| च) स्थानीय स्रोत सामग्रीको प्रयोग | | |
| छ) लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था | | |
| ज) वातावरणीय दृष्टिकोणले अनुकूलन | | |
| झ) स्थानीय परिवेश अनुसार नविनतम कार्य | | |
| ञ) स्थानीय हवापानी, माटो र आवश्यक दृष्टिकोणले सम्भाव्य | | |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

महानिर्देशक

१०. उद्यम सञ्चालनको लागि नेपाल सरकार प्रचलित ऐन नियमको पालना सम्बन्धी जानकारीहरुः

११. अन्य थप जानकारीहरुः

आवेदक सामुदायिक/सहकारी संघ संस्था

नामः पदः

आधिकारिक हस्ताक्षरः

संस्थाको छापः

संलग्न कागजातहरुः

- आबेदनः
- नियमन गर्ने निकायको सिफारिस (सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस)
- यस फारम अनुसारका बजेट सहितको विस्तृत परियोजना प्रस्तावनाः
- संस्था दर्ता सम्बन्धी कागजातः
- PAN,VAT प्रमाण पत्र (सहकारीको लागि)
- संस्थाको म्याद रहेको बुझिने (नविकरण भएको) प्रमाणपत्रः

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५ (प्रथम संशोधन-२०७६)



Scanned by CamScanner

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

## वन तथा भू-संरक्षण विभाग

# वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५
# (प्रथम संशोधन-२०७६)

**प्रस्तावना**

वन क्षेत्रमा प्राकृतिक रुपमा उपलब्ध भएका वा रोपण गरी उपलब्ध हुने सबै सम्भाव्य सामाग्री तथा सेवाहरुको उत्पादन, संकलन, प्रशोधन, प्रबिधि विकास तथा मूल्य अभिबृद्धि गरी रोजगारी तथा आय आर्जनमा बृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउने नेपाल सरकारको लक्ष्य रहेको छ।

राष्ट्रिय वन नीति २०७५, जैविक विविधता रणनीति तथा कार्ययोजना २०१४-२०२०, जडिबुटी एवं गैरकाष्ठ वनपैदावार विकास नीति, २०६१ जस्ता क्षेत्रगत नीतिहरुले वनजन्य उद्यम प्रवर्द्धनका लागि विशेष महत्व दिएको पाईन्छ । यिनै विषयबस्तुहरुलाई मध्यनजर गर्दै सरकारी र समुदायको सहकारीता र सहकार्यमा वनजन्य उद्यमहरुको विकास र विस्तार गर्नको लागि आवश्यक उपकरण, प्रविधि खरीद गर्नको लागि अनुदानको व्यवस्था गर्दै वनजन्य उद्यमहरुको विकास मार्फत रोजगारी र वन पैदावारको मुल्य अभिबृद्धिमा टेवा पुर्‍याउने यस कार्यविधिको समग्र उद्धेश्य रहेको छ। यस्ता अनुदानबाट सञ्चालन हुने कार्यक्रममा पारदर्शिता अपनाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धी प्राप्त गर्नको लागि आवश्यक प्रकृयागत सहजीकरणको लागि वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१: प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम "वन उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन-२०७६" रहेको छ।

ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**१.२ परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "मन्त्रालय" भन्नाले नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ।

ख) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन संबन्धि काम गर्ने प्रदेश मन्त्रालय सम्झनु पर्दछ।

ग) "विभाग" भन्नाले नेपाल सरकारको वन तथा भू-संरक्षण विभाग सम्झनु पर्दछ।

घ) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको प्रदेश वन निर्देशनालय सम्झन पर्दछ।

ङ) "डिभिजन" भन्नाले डिभिजन वन कार्यालय सम्झनु पर्दछ।

च) "कार्यक्रम" भन्नाले वन उद्यम प्रवर्द्धन, विकास र उद्योगको उपकरण खरीदको लागि अनुदान कार्यक्रम सम्झनु पर्दछ।

छ) "अनुदान" भन्नाले यस कार्यविधि अर्न्तगत रही प्राप्त हुने नगद सहयोग सम्झनु पर्दछ।



Scanned by CamScanner

ज) "समूह" भन्नाले नेपाल सरकारको प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको लाभग्राही समूह सम्झनुपर्दछ ।

झ) "सामुदायिक/सहकारी"संस्था भन्नाले नेपाल सरकारको प्रचलित ऐन, नियम बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समूह, सामुदायिक वा सहकारी संघसंस्थाभन्ने सम्झनु पर्दछ ।

ञ) "उद्यम" भन्नाले यस कार्यविधिको परिच्छेद-२ को २.१ अर्न्तगत उल्लेख गरिएका वन जन्य उद्यमहरुलाई सम्झनु पर्दछ ।

ट) "उपकरण" भन्नाले यस वनजन्य उद्यमको उत्पादन, प्रशोधन लगायतका कार्यसंग प्रत्यक्ष सम्बन्धित मेशिनरी औजार र सो को पाटपुर्जा, प्लाण्ट र प्रविधि समेत सम्झनु पर्दछ ।

### १.३ कार्यक्रमको उद्देश्य

यो कार्यक्रमको देहायको उद्देश्य प्राप्तिको लागि संचालन गरिने छः-

क) वन क्षेत्रमा रहेका वा सृजना गर्न सकिने वन पैदावारहरुको आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गरी वनजन्य कच्चा पदार्थमा आधारित वन उद्यमको स्थापना, प्रवर्द्धन र विकास गर्ने,

ख) वनजन्यपैदावारमा आधारित उद्यमहरुको विकास र प्रवर्द्धनबाट रोजगारी तथा आयआर्जनका अवसरहरु बृद्धि गर्ने,

ग) सहकारी वा समुदायिक संघसंस्थासंगको साझेदारीमा वनजन्य कच्चा पदार्थमा आधारित निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उद्योग स्थापनाको लागि प्रोत्साहन र सहजीकरण गरी वन पैदावारको मूल्य अभिबृद्धि गर्ने ।

## परिच्छेद-२: वनउद्यम प्रवर्द्धन र विकास तथा उपकरण खरीद सम्बन्धी कार्यप्रकृया

### २.१ वन उद्यम प्रवर्द्धन र विकासका लागि छनौट गरिएका कार्यक्रमहरु:

वन उद्यम, स्थापना, प्रवर्द्धन र विकासको लागि उपलब्ध गराईने अनुदान परम्परागत ज्ञान सीपलाई जगेर्ना गर्ने वा नवीनतम प्रविधिको प्रयोगलाई जोड दिने दुवै हुन सक्ने छन् । यस प्रयोजनका लागि उपकरण वा उद्यमका लागि सहयोगका क्षेत्रहरु देहाय अनुसारका हुन सक्नेछन् :

क) काठको सिजनिङ्ग, ट्रिटमेण्ट प्लाण्ट जडान, काठ, दाउरा र भुसको गुणस्तर अभिबृद्धि गर्ने वनजन्य उद्यम सञ्चालन,

ख) पार्टिकल बोर्ड, फाइवर बोर्ड, चिप बोर्ड, प्लाईउड, भेनियर आदि जस्ता उद्योग स्थापना र संचालन,

ग) फर्निचर र काष्ठ प्रबिधिका सुधारका कार्यक्रम संचालन,

घ) ठूलो परिमाणमा (५ हेक्टर भन्दा बढी) बेत, बाँसको रोपण,

ङ) बाँस तथा बेतजन्य उद्यम,

च) काष्ठजन्य हस्तकला उद्यम,

छ) पल्प, पेपर तथा लोक्ता सम्बन्धी उद्यम,

ज) रेशम खेतिका लागि किम्वु लगायत आवश्यक प्रजातिका विरुवा रोपण तथा रेशम खेति उद्यम,

झ) लाहा खेती तथा उद्यम,

ञ) आयआर्जनका लागि बृक्षारोपणको लागि स्थलगत संभाव्यताको आधारमा प्रजातिहरुको रोपण तथा खेती विस्तार: टिमुर, रिट्ठा, तेजपात, ओखर, रुद्राक्ष, काफल, जंगली कुरिलो, सुगन्धकोकिला, जैतुन लगायत विभागले तोकेका अन्य,

ट) जडिवुटी तथा गैरकाष्ठ वन पैदावारको विकास, विस्तार र प्रशोधन,

ठ) जडिवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित प्राथमिक तथा द्वितिय चरणका प्रशोधन उद्योग स्थापना,



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक

Scanned by CamScanner

ड) ग्रामीण क्षेत्रमा खेति हुन नसकि बाँझो, पर्तिको रुपमा रहेको व्यक्तिहरुको समूहमा रहेको निजी जग्गालाई एकठ्ठा गरी निजी वनको विकास (१ हेक्टर क्षेत्रफल भन्दा बढी),

ढ) नमुना नर्सरीको स्थापना र सञ्चालन गरी तराईमा कम्तिमा वार्षिक १ लाख वटा सम्म वा अन्य स्थानमा ५० हजार वटा सम्म गुणस्तरीय बिरुवा उत्पादन,

ण) छोटो रोटेसन अवधि (५ देखि १० वर्षसम्म) को लागि नमूना नर्सरीको स्थापना गरी बिरुवा उत्पादन,

त) आयआर्जन गर्न सार्वजनिक तथा निजी जग्गामा बृक्षारोपण,

थ) वनजन्य फलफूल तथा जडिबुटीका बिरुवा रोपण र उद्यम स्थापना,

द) वनजन्य पैदावारहरुको अन्तरराष्ट्रिय बजार केन्द्रित प्रजाति रोपण,

ध) सिमसार क्षेत्र व्यवस्थापन तथा पर्यापर्यटन कार्यक्रम,

न) जैविक उर्जा र उर्जा दक्षता सम्बन्धित कार्यक्रम,

प) पिलेट, बायोचार, ब्रिकेट आदि उत्पादन,

फ) समुदायमा आधारित वन व्यवस्थापन अन्तरगत वनजन्य उद्यम स्थापनाका लागि सहकारी निर्माण, प्रकृयागत तयारी तथा उद्यम स्थापना,

ब) बहुउध्देश्यीय कृषि वन कार्यक्रम संचालन र

भ) प्रचलित वन तथा वन्यजन्तुसंग सम्बन्धित ऐन नियमको परिपालना हुने गरी वन्यजन्तुको पालन तथा प्रजनन ।

२.२ वनजन्य कच्चा पदार्थमा आधारित उद्योग तथा उपकरण खरिद कार्यक्रमको लागि प्रस्तावित क्षेत्र

उपरोक्त २.१ मा उल्लेखित वनजन्य कच्चा पदार्थमा आधारित उद्यम तथा उपकरणहरुमा कूल लागतको ५० प्रतिशत वा रु.२० लाख रुपैया मध्ये जुन घटी हुन्छ सोही रकम अनुदान बापत उपलब्ध गराइने छ । यसको अतिरिक्त यस्ता उद्यम स्थापना र संचालनको लागि अनुदान प्रदान गर्नको लागि देहायका मापदण्डको आधारमा मुल्याङ्कन गरी छनौट गरिने छः

| आधारहरु | अंक |
|---|---|
| क) उद्यम स्थापनाबाट लाभान्वित हुने समूह तथा उपभोक्ता | १० |
| ख) मूल्य श्रृखलामा निर्यातजन्य वा आयात प्रतिस्थापना गर्ने सम्भाब्यता | १० |
| ग) उद्यमका परिवेश अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्वको संभावना | १० |
| घ) उद्यमको आकार अनुसार रोजगारीको अवस्था | १० |
| ङ) प्रबिधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग | १० |
| च) स्थानीय श्रोत र सामाग्रीको प्रयोग | १० |
| छ) लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था | १० |
| ज) वातावरणीय दृष्टिकोणले अनुकूल | १० |
| झ) स्थानीय परिवेश अनुसार नवीनतम कार्य | १० |
| ञ) स्थानीय हावापानी, माटो र अन्य आवश्यक दृष्टिकोणले सम्भाब्य | १० |

माथि उल्लेखित आधार वा मापदन्डहरु भित्रको अंक भार विभागले निर्धारण गरी मूल्यांकन गर्नेछ ।

**२.३ कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्र**

वन उद्यमको किसिम, वनश्रोतको उपलब्धता, लाभान्वित समूह समेतलाई मनन् गरी क्षेत्रगत रुपमा सकभर सवै प्रदेशको प्रतिनिधित्व हुनेगरी देशभरीबाट प्रस्ताव आव्हान गरी कार्यक्रम छनौट गरिनेछ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



Scanned by CamScanner

## परिच्छेद-३: प्रस्तावना आव्हान, मूल्याङ्कन र छनौट कार्यविधि

### ३.१ प्रस्तावना आव्हान

क) प्रस्ताव आव्हान गर्दा केन्द्रबाट प्रकाशित हुने राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा १५ दिनको म्याद दिई सूचना प्रकाशित गरिने छ ।

ख) सामुदायिक/सहकारी संस्थाले विभागले तोकेको कार्यसूची बमोजिम प्रस्तावना दस्तावेज तयार गरी सोही दस्तावेजको आधारमा कार्यक्रममा सहभागी हुन पाउने छन् ।

### ३.२ प्रस्तावना मूल्याङ्कन

सूचनामा तोकिएको समयसिमा भित्र विभागमा प्राप्त भएका प्रस्तावहरुको उपरोक्त २.२ मा उल्लेख गरिएका मापदण्ड र अंकभारको आधारमा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नको लागि एक मूल्याङ्कन कार्यदल गठन गरिने छ । उक्त कार्यदलमा देहाय बमोजिमका सदस्यहरु हुने छन्:

**मूल्याङ्कन कार्यदल**

संयोजक: वन तथा भू-संरक्षण विभागले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीका प्राविधिक कर्मचारी

सदस्य: लेखा अधिकृत, वन तथा भू-संरक्षण विभाग

सदस्य: अधिकृत प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय

सदस्य: अधिकृत प्रतिनिधि, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

सदस्य: अधिकृत प्रतिनिधि, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

### ३.३ प्रस्तावना छनौट तथा स्विकृति:

मूल्याङ्कन कार्यदलबाट सिफारिस भएका प्रस्तावहरुको बारेमा अन्तिम छनौट र स्विकृतीको लागि देहाय बमोजिमको अनुदान कार्यक्रम निर्देशन समिति गठन गरिने छ:

**अनुदान कार्यक्रम निर्देशन समिति**

| | |
|---|---|
| १) महानिर्देशक, वन तथा भू-संरक्षण विभाग: | संयोजक |
| २) प्रमुख, वन व्यवस्थापन महाशाखा, वन तथा भू-संरक्षण विभाग: | सदस्य |
| ३) प्रमुख, आर्थिक प्रशासन शाखा, वन तथा भू-संरक्षण विभाग: | सदस्य |
| ४) अधिकृत प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय: | सदस्य |
| ५) मूल्याकंन कार्यदलका संयोजक | सदस्य सचिव |

निर्देशन समितिले छनौटको लागि सिफारिश भएका प्रस्तावहरुको फिल्ड भेरिफिकेसन गर्नको लागि समूह तथा सहकारीहरुको नियमन गर्ने निकायहरुलाई अनुरोध गर्न सक्नेछ । भेरिफिकेसन प्रतिवेदन प्राप्त भएपछि निर्देशन समितिको बैठक बसी सिफारिश भएका प्रस्तावहरुको बारेमा अनुदान दिने, नदिने वा कति दिने बारेमा निर्णय गर्नु पर्नेछ । अनुदानको लागि स्वीकृत रकम समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ । यसरी निर्णय गर्दा समूह/ संस्थाको योगदान अंक समेत खुलाउनु पर्नेछ। निर्देशन समितिबाट निर्णय भएपछि अनुदानको लागि छनौट भएका प्रस्तावहरुको नामावली,अनुदान रकम र सम्झौता गर्न आउने मिति समेत उल्लेख गरी विभागको सूचना पाटी र वेभसाइट मार्फत सार्वजनिक गरिने छ ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय

महानिर्देशक



Scanned by CamScanner

### ३.४ अनुदान सम्झौताः

अनुसूचीमा उल्लेखित ढाँचामा विभाग वा बिभागको तर्फबाट सम्बन्धित डिभिजन बन कार्यालय र अनुदान प्राप्त गर्ने समूह/संस्थावीच बीच कार्यसम्पादन सम्झौता गरी सोही सम्झौता अनुसार कार्यक्रम कार्यान्वयन गरिनेछ । परियोजनाको लागि अनुदान स्वीकृत भएपछि सोही अनुरुप प्रस्तावित परियोजनाका क्रियाक्लापहरु र लागत साझेदारीको अनुपात मिलान गरी सम्झौता गर्नु पर्नेछ । सम्झौता गर्दा नै प्रस्तावित परियोनालाई अन्य कुनै निकायबाट अनुदान वा सहयोग प्राप्त नभएको ब्यहोरा खुलाउनु पर्नेछ । पछि त्यस्तो कुनै सहयोग पाएको प्रमाणित भएमा सम्झौतामा हस्ताक्षेर गर्ने समूह वा संस्थाका पदाधिकारी जिम्मेवार हुनेछन् ।

विभाग र समूह/संस्थावीच गरिने सम्झौतामा विभागबाट प्रदत्त अनुदान र उपभोक्ताको योगदानको अंश खुलाउनु पर्नेछ । कुनै समूह/संस्थाले सम्झौता मुताविकको काम नगरेमा वा अनुदान रकमको दुरुपयोग गरेमा उक्त समूह/संस्थालाई कालो सूचीमा राखी जिम्मेवार पदाधिकारीहरुबाट असूल उपर गर्न र आवश्यक कारवाहीका लागि त्यस्तो समूह/संस्थाको नियमन वा नवीकरण गर्ने निकायमा लेखी पठाइने छ ।

अनुदान प्राप्त गर्ने प्रस्तावक तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा “कार्यक्रम निर्देशन समितिले” बैठक बसी वैकल्पिक सूचीको प्रस्तावकलाई अनुदान उपलब्ध गराउने निर्णय गर्न सक्ने छ ।

## परिच्छेद-४: अनुदान सम्बन्धी कार्यव्यवस्था

स्वीकृत प्रस्तावको लागि दिइने अनुदानको मोडालिटी, किस्ताबन्दी भुक्तानि प्रकृया, अनुदान रकमको सदुपयोग, पारदर्शिता र जवाफदेहिता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

### ४.१ अनुदान मोडालिटी

नियमानुसार दर्ता भएका सामुदायिक/सहकारी संस्थाहरुलाई सम्बन्धित नियमन गर्ने निकाय (डिभिजन वन कार्यालय र स्थानीय तह) को सिफारिसमा ती संघसंस्थालाई नयाँ उद्यम स्थापनाको लागि वा सञ्चालित वन उद्यमहरुकोस्तर बृद्धिको लागि आवश्यक पर्ने लागतलाई कम गर्न वा प्रतिफललाई उच्च तथा दीगो गर्नको लागि अनुदान रकम उपलब्ध गराइने छ । अनुदान रकम जग्गा खरीदमा उपयोग गर्न पाईने छैन ।

छनौट भएका प्रस्तावहरुकोफिल्ड भेरिफिकेसनको आधारमा अनुदान कार्यक्रम निर्देशन समितिले बस्तुनिष्ठ आधारमा बास्तविक कूल लागतको अनुमान गरी बास्तविक लागतको ५० प्रतिशत वा रु. २०,००,०००। ( अक्षरेपी रु बीस लाख रुपैया) मध्ये जुन घटी हुन्छ सोही रकममात्र अनुदानको रुपमा उपलब्ध गराइने छ । कर छुट भएका क्षेत्र, कार्यक्रम, मेसिनरी र उपकरणमा अनुदान वितरण गरिने छैन साथै अनुदानग्राहीलाई कर छुटको व्यवस्था गरिनेछैन् । अनुदान वितरण भएको जानकारी विभागको वेभसाईटमा राखी सार्वजनिक गर्नु पर्नेछ ।

### ४.२ अनुदान भुक्तानी किस्तावन्दी , लेखा र लेखापरीक्षणः

अनुदान रकम भुक्तानी विभाग र समूह/संस्थावीच सम्झौता भए पश्चात २ किस्तामा हुनेछ । पहिलो किस्ता माग गर्दा सम्झौता पत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयको सिफारिस पत्र (अनुसूची अनुसारको ढाँचामा), सम्बन्धित समूह/संस्थाको कार्यकारी समितिको निर्णय अनुरोध (अनुसूची अनुसारको ढाँचामा) र परियोजना कार्यान्वयन कार्ययोजना पेश गर्नु पर्नेछ ।

परियोजना सम्पूर्ण काम प्रस्ताव अनुसार नै सम्पन्न भएपछि मात्र अन्तिम किस्ता भुक्तानी हुनेछ । यो किस्ता भुक्तानी गर्दा अनिवार्य रुपमा अनुसूचीमा उल्लेखित ढाँचामा कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश



Scanned by CamScanner

पेश गर्नु पर्नेछ । यस प्रतिवेदनमा विभागबाट प्राप्त अनुदान र उपभोक्ताले गरेको योगदान प्रष्ट रुपमा देखाउनु पर्नेछ ।

अन्तिम किस्ता माग गर्दा डिभिजन वन कार्यालयको सिफारिस पत्र (अनुसूची अनुसारको ढाँचामा), सम्बन्धित समूह/संस्थाको कार्यकारी समितिको तहबाट परियोजनामा भएको सम्पूर्ण खर्च समर्थन/अनुमोदन गरेको निर्णय अनुरोध (अनुसूची अनुसारको ढाँचामा), कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाई भएको प्रमाण, सूचना पाटिका राखेको प्रमाण तथा कार्य सम्पन्न भएको प्रष्ट झल्किने फोटोग्राफी समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

### ४.३ अनुदान रकमको लेखा र लेखापरीक्षणः

विभागबाट प्रदत्त अनुदान रकमको समूह/संस्थाले आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार दर्तावाल लेखापरीक्षबाट लेखापरीक्षण गराउनु पर्नेछ । आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र लेखापरीक्षण प्रतिवेदनको १ प्रति विभागमा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदन नदिने समूह/संस्थालाई जुनसुकै प्रकारको अनुदान/सहयोगबाट वन्चित गरिनेछ र त्यस्ता समूह/संस्थालाई नियमन/ नविकरण गर्ने निकायमा आवश्यक कारवाहीका लागि लेखी पठाइनेछ ।

### ४.३ अनुदान रकमको सदुपयोग, पारदर्शिता र जवाफदेहिता

अनुदान रकमबाट उद्यम प्रवर्द्धन, विकास र विस्तारसंग प्रत्यक्ष सम्बन्धित उत्पादन र उत्पादकत्व बढाउने काममा मात्र खर्च गर्नु पर्नेछ । घरेलु, व्यक्तिगत र उद्यमसंग असम्बन्धित अन्य प्रशासनिक काममा अनुदानको रकम खर्च गर्न पाइने छैन । तर उधम स्थापना, उपकरण ढुवानी, उधम संचालन तालिम मा अनुदान रकम खर्च गर्न बाधा गर्ने छैन ।

अनुदान रकमबाट खरीद सम्बन्धि काम गर्नुपर्दा प्रचलित बजारमूल्य भन्दा बढी नहुने गरी पारदर्शी र प्रतिष्प्रर्धात्मक तरिकाले मितव्ययी हुने गरी गुणस्तरीय प्रकृतिको सामान खरीद गर्नु पर्नेछ । उद्यम रहने स्थानमा सबैले देख्ने गरी निर्माण अवधिभर उद्यमीले एउटा होर्डिङ्ग बोर्ड आयोजना सँगैको स्थानमा राख्नु पर्नेछ, सो बोर्डमा उद्यमको प्रकृति, सञ्चालनको उद्देश्य, लागत, साझेदारी र जम्मा लागत तथा लाभग्राहिको संख्या लगायत तोकिए बमोजिमका आवश्यक सूचनाहरु राख्नु पर्नेछ ।

## परिच्छेद-५: कार्यक्रम अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### ५.१ कार्यक्रम अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन

सम्झौता बमोजिम अनुदान प्राप्त आयोजनाका सम्पूर्ण क्रियाकलापहरु सञ्चालन गर्ने जिम्मेवारी अनुदान प्राप्त गर्ने पक्षको हुनेछ । यस कार्यक्रम अर्न्तगत अनुदान प्राप्त गरेका आयोजनाहरुको भौतिक प्रगति, प्राविधिक तथा आर्थिक पक्ष, कारोवार तथा लेखा पद्धति, मितव्ययिता, प्रभावकारीता, नियमितता लगायतको विषयमा नियमित अनुगमन सम्वन्धित डिभिजन वन कार्यालय वा विभागबाट गर्न सकिनेछ । आयोजना छनौट भई सम्झौता भएपछि सोको १/१ प्रतिमन्त्रालय, सम्बन्धित प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालयमा पठाईनेछ ।

आवश्यक सहयोग र समन्वयको लागि सम्बन्धित स्थानीय तह र प्रदेश मन्त्रालय, वन निर्देशनालय र सम्वन्धित डिभिजन वन कार्यालयहरुसँग समेत समन्वय गर्न सकिनेछ । अनुगमन, सुपरीवेक्षण तथा मूल्याँकनबाट दिइएको सुझावको परिपालना अनुदानग्राहीले अनिवार्य रुपमा गर्नु पर्नेछ ।

## परिच्छेद-६: विविध

### ६.१ अनुगमन तथा सिफारिस सम्वन्धमा

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



Scanned by CamScanner

यो कार्यक्रम कार्यान्वयन स्थानिय तह तथा प्रदेश सरकार अन्तर्गत संचालन गरिने भएकोले सम्वन्धित डिभिजन वन कार्यालय वा नियमन गर्ने निकायको सिफारिस तथा अनुगमन गर्ने प्रतिबद्दता पत्र अनुदानग्राहीले प्रस्ताव पेश गर्ने वेलामा पेश गर्नु पर्नेछ ।

बिगतमा विभागको तर्फबाट सम्झौता सम्पन्न भई कार्य सम्पादन भएका तर स्थलगत कार्य सम्पादन प्रतिबेदन नभएका उद्यमहरुको हकमा विभागले स्थलगत अनुगमन गराई तथ्यगत विवरणहरुको आधारमा हिसाब फर फारक गर्नेछ ।

**६.२.लाभग्राही समुदायको सहभागिता:**

लाभग्राही समुदायको सहभागिता सुनिश्चित गरिनेछ । परियोजनाबाट रोजगारी श्रृजना हुने र श्रममूलक कामहरु लाभग्राही समुदायबाटै गराउनु पर्नेछ । परियोजना प्रस्तावमा स्वीकृत भएको अवस्थामा बाहेक परियोजनाका काम अन्य कुनै ठेकेदार वा ब्यक्तिबाट गराउन सकिने छैन ।

**६.३ समन्वय तथा आवद्धता:**

बिभागले नेपाल सरकार वा अन्य सार्वजनिक निकायहरुबाट संचालन भएका उद्यम तथा रोजागारमूलक कार्यक्रमहरु तथा विकासका साझेदारसंस्थाहरुसंग समन्वय तथा यस कार्यक्रमलाई आवद्ध गर्न आवश्यकता अनुसार समझदारी गरी संचालन प्रकयालाई अघि बढाउन सक्नेछ ।

**६.४. वन उद्यम युनिट:**

वन उद्यम परियोजनालाई ब्यवस्थित र संगठित तवरले सम्पादन गर्न गराउन विभाग अन्तर्गत एउटा छुट्टै सानो र छरितो **"वन उद्यम युनिट"** गठन गर्न सकिनेछ । यो युनिट विभागमा वन उद्यम हेर्ने **फोकल पोइन्ट**का रुपमा रहनेछ । यस युनिटको नेतृत्व विभागले तोकेको शाखा प्रमुखले गर्नेछ ।

**६.५ अन्तिम व्याख्या गर्नसक्ने**

यस कार्यविधिको कार्यान्वयनमा केहि बाधा व्यवधान आईपरेमा वा द्विविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार मन्त्रालयमा निहित रहने छ । मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

**६.६ कार्यविधिमा संशोधन तथा परिमार्जन गर्नसक्ने**

यस कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति लिएर आवश्यक संशोधन वा परिमार्जन गर्न सक्ने छ ।

**६.७ कार्यविधि प्रयोग गर्न सकिने**

विभागको स्वीकृत कार्यक्रम अनुसार यस्तै प्रकृतिका वनजन्य उद्यमहरुलाई अनुदान उपलब्ध गराउने अन्य कार्यक्रमहरुमा समेत यो कार्यविधि प्रयोग गर्न सकिनेछ ।

**संलग्न अनुसूचीहरु**

अनुसूचि १: प्रस्तावन आवेदनको ढाँचा
अनुसूचि २: नियमन गर्ने निकाय वा डि.ब.का.को सिफारिस पत्र-२ पहिलो र अन्तिम
अनुसूचि ३: सम्झौता पत्र
अनुसूचि ४: कार्य सम्पन्न प्रतिवेदन

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक



Scanned by CamScanner

## अनुसुचि १: अनुदानको लागी पेश गर्नु पर्ने प्रस्तावको ढाँचा

| |
|---|
| १. प्रस्तावक तथा उद्यमको नाम |
| क. अनुदान पेश गर्ने सामुदायिक / सहकारी सस्थाको नाम ठेगाना |
| ख.वन सम्बन्धी उद्यमको नाम |
| ग. प्रस्ताब पेश गर्ने सस्थाको नाम |
| ग . प्रस्ताब पेश गर्ने सस्थाको पदाधिकारी |
| नाम : ठेगाना : फोन : |

| |
|---|
| २. सस्था बारे संक्षिप्त जानकारी |
| क. सस्थाको उदेश्यहरु : |
| ख. जनशक्तिको अवस्था : |
| ग. अनुभव तथा उपलब्धिहरु : |

३. उद्यम विकास तथा प्रवर्द्धनका उदेश्यहरु :

४. प्रस्तावित योजनाको बिश्तृत विवरण : (बढीमा ६०० शब्द )

५. प्रस्तावित योजनाको कार्यान्वयनको तरिका / पद्धति :

६. कार्यक्रम संचालनको समय तालिका :

| |
|---|
| ७.लाभ लागत सम्बन्धी बिबरण : |
| क. अनुमानित कुल लागत (जग्गा बाहेक) : |
| ख. लगानीका स्रोत : |
| ग. बजेट अनुमान : |
| घ.लाभ लागतको बिश्लेषण : |
| ङ. सम्पन्न हुने समय : |

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल

महानिर्देशक

Scanned by CamScanner

८. उपकरण खरिदको लागी भए सो को हाल बजार मुल्य, निर्माता कम्पनीको नाम र अन्य आवश्यक जानकारीहरु

९. भर्नुपर्ने बिबरण

| आधारहरु | बिद्यमान अबस्था | अंक (बिभाग भर्ने) |
|---|---|---|
| क. उद्यम स्थापनाबाट लाभान्वित हुने समूह / उपभोक्ता | | |
| ख. मुल्य श्रृखलामा निर्यातजन्य वा आयात प्रतिस्थापन | | |
| ग. उद्यमको परिबेश अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्वको सम्भावना | | |
| घ. उद्यमको आकार अनुसारको रोजगारीको अबस्था | | |
| ङ.प्रबिधीमा सुधार र आधुनिक प्रबिधीका् प्रयोग | | |
| च. स्थानिय स्रोत सामाग्रीको प्रयोग | | |
| छ. लगानीको तुलनामा अपेक्षित प्रतिफलको अबस्था | | |
| ज.वातावरणीय दृष्टिकोणले अनुकुलन | | |
| झ. स्थानिय परिबेश अनुसार नविनतम कार्य | | |
| ञ. स्थानीय हवापानी, माटो र आवश्यक दृष्टिकोणले सम्भाब्य | | |
| | | |

१०. उद्यम संचालनको लागी नेपाल सरकार प्रचलित ऐन नियमको पालना सम्बन्धी जानकारीहरु :

१२. अन्य थप जानकारीहरु :

आबेदक सामुदायिक / सहकारी संघ सस्था

नाम : पद :

आधिकारिक हस्ताक्षर

सस्थाको छाप

संलग्न कागजातहरु :

- आबेदन :
- नियमन गर्ने निकायको सिफारिस :
- यस फाराम अनुसारका बजेट सहितको प्रस्तावना :
- सस्था दर्ता सम्बन्धी कागजात :
- PAN, VAT प्रमाण पत्र (सहकारीका लागी) :
- सस्थाको म्याद रहेको बुझिने (नबिकरण भएको) प्रमाणपत्र :

Scanned by CamScanner

अनुसूची २
सिफारिस पत्र

प्रदेश सरकार
........................ मन्त्रालय
.............................. निर्देशानालय
डिभिजन वन कार्यालय, ................

मिति :

श्री वन तथा भू संरक्षण विभाग,
बबरमहल, काठमाण्डौ ।

विषय : अनुदानको किस्ता भुक्तानी सम्बन्धमा ।

उपरोक्त विषयमा तहाँ विभागको चालु आ.व ........./....... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ............................... कार्यक्रम अन्तर्गत ............................... कार्य सन्चालनका लागि मिति .................. गतेको सम्झौता अनुसार ........................................... समूह/संस्थाले सम्झौता बमोजिमको तपशिलका कागजातहरु पेश गरेको हुनाले तहाँ कार्यालयमा सम्झौता बमोजिमको प्रथम/अन्तिम किस्ता वापतको रकम रु ................ (अक्षरुपी ......................) भुक्तानीको लागि सिफारिस गर्दछु ।

**तपसिल**

***प्रथम किस्ताको हकमा*** ☐

| संलग्न कागजताहरु | चेकलिष्ट |
|---|---|
| १. सम्झौता पत्रको प्रतिलिपि | ☐ |
| २. सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस पत्र | ☐ |
| ३. सम्बन्धित समूह/संस्थाको कार्यकारी समितिको निर्णय अनुरोध | ☐ |
| ४. परियोजना कार्यान्वयन कार्ययोजना (Action Plan) | ☐ |

***दोश्रो/अन्तिम किस्ताको हकमा*** ☐

| संलग्न कागजताहरु | चेकलिष्ट |
|---|---|
| १. सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस पत्र | ☐ |
| २. सम्बन्धित समूह/संस्थाको कार्यकारी समितिको तहबाट परियोजनामा भएको सम्पूर्ण खर्च समर्थन/अनुमोदन गरेको निर्णय अनुरोध | ☐ |
| ३. कार्य सम्पन्न प्रतिवेदन | ☐ |
| ४. सार्वजनिक सुनुवाई भएको प्रमाण | ☐ |
| ५. सूचना पाटिका (होर्डिङ्ग बोर्ड) राखेको प्रमाण | ☐ |
| ६. फोटोग्राफी सहितको परियोजनाको प्रगति विवरण | ☐ |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

..........................................
डिभिजनल वन अधिकृत

अनुसूची ३

"वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यक्रम" कार्यान्वयनका लागि अनुदान कार्यक्रम निर्देशन समितिको मिति ............................ को निर्णयानुसार वन तथा भू-संरक्षण विभाग, बबरमहल को तर्फबाट डिभिजन वन कार्यालय ...................... र ............................................................ समूह/संस्था बिच भएको

## द्विपक्षीय सम्झौता पत्र

वन तथा भू-संरक्षण विभाग, बबरमहल को तर्फबाट डिभिजन वन कार्यालय .................. (यसपछि "प्रथम पक्ष" भनिएको) र ........................................ समूह/संस्था (यसपछि "दोस्रो पक्ष" भनिएको) बिच ........................ प्रदेश ................ जिल्लाको .................................. गाउँपालिका/नगरपालिकामा .........../....... आर्थिक वर्षमा वन उद्यम उपकरण खरिद / वनजन्य उद्यम प्रवर्द्धन तथा विकास अनुदान कार्यक्रम अन्तर्गत ........................................................ गर्ने लक्ष्य हासिल गर्न संलग्न कार्यादेश बमोजिम तपसिलमा उल्लिखित शर्तका अधिनमा रही प्रथम पक्षको कार्यालयमा यो द्विपक्षीय सम्झौता भएको हो। यो सम्झौता पत्रमा हस्ताक्षर भएको मिति देखि .......................... सम्म कायम रहने छ।

**शर्तहरू**

१. दोस्रो पक्षले सम्झौताको अवधिभर वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धि कार्यविधि, २०७६ मा तोकिएका दायित्व र जिम्मेवारीहरु पूरा गर्नु पर्नेछ।

२. दोस्रो पक्षले यस परियोजनाका लागि तोकिएको अनुगमन गर्ने पदाधिकारी वा निकायलाई अनुगमन तथा मूल्याकंनको शिलशिलामा माग गरेका जानकारी उपलब्ध गराउनु पर्नेछ।

३. यस सम्झौता बमोजिमका कार्यहरू गर्न दोश्रो पक्षले अन्य कुनै ठेकेदार वा सब कन्ट्र्याक्ट मार्फत गराउन पाउने छैन।

४. **कार्य सम्पादन तालिका :**

| क्र.स | सम्पादन गर्नु पर्ने कार्यहरुको विवरण | काम सम्पन्न गरिसक्नु पर्ने मिति | कार्य सम्पादन सूचक |
|---|---|---|---|
| | | | |
| | | | |

५. दोश्रो पक्षले सम्झौताको अवधिभर सञ्चालन गर्नु पर्ने विभिन्न कार्यहरुको विवरण तथा लागत साझेदारीको अनुपात (Revised Project Cost) मिलान देहायमा उल्लेख गरिएको छ।

| परियोजनाको विस्तृत कार्य विवरण | इकाई | प्रस्तावित परियोजनाको संशोधित लागत इस्टिमेट तथा लागत बाडँफाड | | | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | दर | अनुदानबाट व्यहोर्ने | समूह/संस्थाले व्यहोर्ने | जम्मा रकम |
| | | | | | | |
| | | | | | | |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

Scanned by CamScanner

६. यो सम्झौता कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा अनुदान कार्यक्रम निर्देशन समितिले विवाद समाधान संयन्त्रको रुपमा कार्य गर्नेछ । यो संयन्त्रको निर्णयमा चित्त नबुझ्ने पक्षले अन्य कानुनी उपचारका उपायहरु अपनाउन यस सम्झौताले बाधा पुर्‍याउने छैन ।

७. कार्यतालिकामा तोकिएको समय भित्र कार्य सम्पादन नगरेमा, अनुगमनका क्रममा कामको गुणस्तर लगायतको पक्षमा प्रश्न उठाई दिएको सुझाव अनुसार समयमा सुधार नगरिएमा निर्देशन समितिको निर्णयानुसार सम्झौता रद्द गर्न सकिने छ । साथै अनुदान रकमको दुरुप्रयोग गरेको पाइएमा जिम्मेवार पदाधिकारीहरुबाट रकम असुली गरी उक्त कार्य गर्ने समूह/संस्थालाई कालो सूचीमा समेत राख्न सकिनेछ ।

८. **अनुदान रकम भुक्तानीका शर्त र तरिका :** स्वीकृत परियोजनालाई दिइने अनुदान रकम सम्झौता भए पश्चात दुई किस्तामा भुक्तानी हुनेछ । पहिलो र दोस्रो/अन्तिम किस्ताको रकम स्वीकृत लागत अनुमानको आधारमा क्रमश: चालिस र साठी प्रतिशत हुनेछ । यस्तो रकमको भुक्तानी बैंकिङ्ग प्रणाली मार्फत मात्र गरिनेछ ।

| दोश्रो पक्षले पहिलो किस्ता माग गर्दा संलग्न गर्नु पर्ने कागजातहरु | दोश्रो पक्षले दोश्रो/अन्तिम किस्ता माग गर्दा संलग्न गर्नु पर्ने कागजातहरु |
|---|---|
| ➢ सम्झौता पत्रको प्रतिलिपि<br>➢ सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस पत्र<br>➢ सम्बन्धित समूह/संस्थाको कार्यकारी समितिको निर्णय अनुरोध<br>➢ परियोजना कार्यान्वयन कार्ययोजना (Action Plan) | ➢ सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस पत्र<br>➢ सम्बन्धित समूह/संस्थाको कार्यकारी समितिको तहबाट परियोजनामा भएको सम्पूर्ण खर्च समर्थन/अनुमोदन गरेको निर्णय अनुरोध<br>➢ कार्य सम्पन्न प्रतिवेदन<br>➢ सार्वजनिक सुनुवाई भएको प्रमाण<br>➢ सूचना पाटिका (होर्डिङ्ग बोर्ड) राखेको प्रमाण<br>➢ फोटोग्राफी सहितको परियोजनाको प्रगति विवरण |

९. विभागबाट प्रदत्त अनुदान रकमको समूह/संस्थाले आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ । आर्थिक वर्ष सामाप्त भएको २ महिना भित्र १ प्रति लेखापरीक्षण प्रतिवेदन विभागमा पेश गर्नु पर्नेछ । यस्तो प्रतिवेदन नदिने समूह/संस्थालाई जुनसुकै प्रकारको अनुदान/सहयोगबाट वन्चित गरिनेछ र त्यस्ता समूह/संस्थालाई नियमन/नविकरण गर्ने निकायमा आवश्यक कारवाहीका लागि लेखी पठाइनेछ ।

**उपरोक्त शर्तहरूमा मन्जुरी भै दस्तखत गर्ने आधिकारिक प्रतिनिधिहरू :**

| प्रथम पक्ष (डिभिजन वन कार्यालय, ................ ) को तर्फबाट | दोस्रो पक्ष ........................................ को तर्फबाट | |
|---|---|---|
| नाम : ................................<br>पद : ................................<br>हस्ताक्षर : ............................<br>ठेगाना : ..............................<br>इमेल ठेगाना : .....................<br>सम्पर्क व्यक्ति : ....................<br>मोबाइल नं. : .....................<br>कार्यालयको छाप : | नाम : ................................<br>पद : ................................<br>हस्ताक्षर : ............................<br>ठेगाना : ..............................<br>इमेल ठेगाना : ..........................<br>सम्पर्क व्यक्ति : ...........................<br>मोबाइल नं. : ............................<br>खाता रहेको बैंकको नाम : .........................<br>शाखा : .....................<br>खाता नम्बर : ................................. | समूह/संस्थाको छाप |

इति सम्वत २०..... साल ......महिना ....गते रोज ........ शुभम् ।

Scanned by CamScanner

अनुसूची ४
समूह/संस्था

# कार्य सम्पन्न प्रतिवेदन

कार्यक्रमको नाम :

समुहको नाम :

ईष्टिमेटको कुल अंक : वन तथा भू संरक्षण विभागको अनुदानबाट खर्चः समूह/संस्थाले व्यहोर्ने : कुल अंक :

खर्च भएको कुल अंक : वन तथा भू संरक्षण विभागको अनुदानबाट खर्चः समूह/संस्थाले व्यहोर्ने : कुल अंक :

काम शुरु भएको मिति :

काम सम्पन्न गर्नु पर्ने मिति :

काम सम्पन्न भएको मिति :

ल. इ. भन्दा घटीबढी :

घटीबढी भएको प्रतिशत :

| सि.नं | परियोजनाको कार्य विवरण | इकाई | ईष्टिमेट बमोजिमको | | | | | खुद भएको कामको | | | | | फरक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | अनुदानबाट व्यहोर्ने | समूह/संस्थाले व्यहोर्ने | रकम | परिमाण | दर | अनुदानबाट व्यहोर्ने | समूह/संस्थाले व्यहोर्ने | रकम | परिमाण | दर | अनुदानबाट व्यहोर्ने | समूह/संस्थाले व्यहोर्ने | रकम |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

.......................

**तयार गर्ने**

(समूह/संस्थाको सचिव/कोषाध्यक्ष)

.......................

**स्वीकृत गर्ने**

(समूह/संस्थाको अध्यक्ष)

.......................

समूहको छाप

.......................

**प्रमाणित गर्ने**

डिभिजनल वन अधिकृत

डिभिजन वन कार्यालय, .................

.......................

कार्यालयको छाप

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

Scanned by CamScanner